# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाडौं

मिति: २०७६।०८।१८ गते

## प्रेस विज्ञप्ति

### विषय: नियन्त्रणमा लिइएको ।

भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरमा कार्यरत नायब सुब्बा नारायणराज मिश्रले सेवाग्राहीको मोही लगत कट्टा गर्ने प्रयोजनका लागि सोही कार्यालयमा कार्यरत कार्यालय सहयोगी (करार) भाईकाजी गौतमलाई रु. ४०,०००।— दिनु भनी घुस/रिसवत माग गरेको भन्ने सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालबाट खटिई गएको टोलीले सेवाग्राहीबाट रु. ४०,०००।—(चालीस हजार) घुस/रिसवत लिइसकेको अवस्थामा निजकै कार्यालय परिसरबाट दुवै जनालाई मिति २०७६।०८।१७ गते नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला